# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ्ग
कोशी प्रदेश, नेपाल

मिति २०८०।०३।२७

### मसलन्द (कार्यालय संचालनका)सामानहरु खरिदको लागि वोलपत्र आव्हानको सुचना

**प्रथम पटक सुचना प्रकाशित मितिः २०८०।०३।**

१. विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले शिलवन्दी वोलपत्रको माध्यमवाट नमुना अनुसारको कार्यालय सामाग्री(मसलन्द)का सामानहरु खरिद गर्न विराटनगर महानगरपालिका यो वोलपत्र आव्हान गर्दछ ।

२. योग्य वोलपत्रदाताहरुले यस सम्वन्धि थप जानकारीको लागि वोलपत्र सम्वन्धि कागजात हेर्न(अध्ययन गर्न) चाहेमा विराटनगर महानगरपालिका जिन्सी शाखामा सम्पर्क गर्न सकिन्छ ।

३ शिलवन्दी वोलपत्र सम्वन्धि कागजात यो सुचना पत्रिकामा प्रकाशित भएको मितिले वोलपत्रको हकमा ३० औ दिन कार्यालय समय भित्र रु.३०००।(तिनहजार) कृषि विकास वैंक विराटनगरमा रहेको यस महानगरपालिकाको आम्दानी खाता न. ०६०१६०११४५९७३११३ मा फिर्ता नहुने गरि जम्मा गरेको भौचर को सक्कलै वोलपत्र साथ संलग्न गर्नुपर्नेछ ।

४. इच्छुक फर्म,कम्पनी वा संस्थाले वोलपत्र खरिद गर्दा आ.व.२०८०।०८१ सम्मको नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर, नागरिक्ताको प्रमाणपत्रर आ.व. २०७८।०७९ सम्मको करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपीहरु, न.पा.व्यवसाय प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

५ वोलपत्र फाराम प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३० औ दिन कार्यालय समय सम्म यस महानगरपालिकावाट खरिद गर्नुपर्नेछ वोलपत्र पेश गर्दा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२.०० वजे सम्म यस महानगरपालिकामा दर्ता गराई सक्नुपर्नेछ । साथै के कामको लागि वोलपत्र फाराम पेश गर्न लागिएको हो सो कामको विवरण नाम,ठेगाना, फोन नं. समेत खुलाई पेश गर्नुपर्नेछ ।

६ पेश भएका वोलपत्रहरुको हकमा ३१ औ दिनको १ वजे वोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

७ वोलपत्र दाखिला गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

८ वोलपत्र साथ यस कार्यालयको कृषि विकास वैंक मुख्य शाखा कार्यालय विराटनगरमा रहेको धरौटी खा.न. ०६०१६०११४५९७३०३२ मा रु. १७००००।(एकलाख सत्तरी हजार) जम्मा गरेको सक्कल भौचर वा मान्यताप्राप्त वैकंवाट कम्तिमा १२० दिनको मान्यता भएको वैंक ग्यारेन्टीको सक्कलै पत्र वोलपत्र साथ संलग्न हुनुपर्नेछ ।

९ वोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर वाहेकको दर पेश गर्नुपर्नेछ ।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

१० शिलवन्दी वोलपत्र फाराममा उल्लेखित सम्पुर्ण आईटमहरुको दररेट उल्लेख गर्नुपर्नेछ ।

११ कार्यालयमा सामान दाखिला हुन आउदा ग्यारेन्टी वारेन्टीका कागजातहरु पनि संलग्न हुनुपर्नेछ ।

१२ यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयवाट उपलव्ध भएको वोलपत्र अनुसरमा र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ ।

१३ स्वम घोषणापत्र समावेश गर्नुपर्नेछ । खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको स्वार्थ नवाभिने र व्यावसाय सम्वन्धि कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात वोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्छ

१४ रकम भुक्तानी गर्दा १.५ प्रतिशत आयकर,१.५ प्रतिशत न.पा. शुल्क र ५ प्रतिशत धरौटी वापतको रकम प्राप्त हुने विलको रकम कट्टा गरी भूक्तानी गरिनेछ ।

कामको विवरण

| सि.न. | खरिदको प्याकेज | खरिदको माध्यम | फाराम दस्तुर | जमानत रकम | सुचना |
|---|---|---|---|---|---|
| १ | मसलन्द(कार्यालय संचालन) का सामानहरु | शिलवन्दी वोलपत्र | ३०००। | १७००००। | ३० दिन |